annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २१५, पृष्ठ ८ | काठमाडौं, शनिबार २७ मंसिर २०८२ | पौष कृष्णपक्ष नवमी, नेपाल संवत् ११४६ | SATURDAY, DECEMBER 13, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

कम्युनिस्टको मूलप्रवाह एमाले, मूल नेतृत्व कहिले, को ?

२००६ सालमा भूमिगत रूपमा भारतको कलकत्तास्थित एउटा घरमा स्थापना भएको नेपाल कम्युनिस्ट पार्टीको मूलधारको नेतृत्व एमालेले गर्दै आएको छ। टुट्दै-फुट्दै र जुट्दै ११ महाधिवेशनसम्म आइपुगेको कम्युनिस्ट आन्दोलनको मूलधारले अबको नेतृत्व कस्तो चयन गर्ला ? राष्ट्रिय/अन्तर्राष्ट्रिय चासोको विषय बनेको छ।

सुरेन्द्र काफ्ले | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

नेकपा एमालेको ११ औं महाधिवेशन उद्घाटनस्थल भक्तपुरको सल्लाघारीमा मञ्च व्यवस्थापनको काम अन्तिम चरणमा पुगेको छ। शनिबारबाट एमाले महाधिवेशन सुरु हुँदैछ। ● सुनिता डंगोल

भित्री पृष्ठ

देशको धर्म - पृष्ठ ३

लिभभदेखि किभसम्म - पृष्ठ ४

प्रकृतिदेखि अध्यात्मसम्म - पृष्ठ ५

पतिले घरजग्गा बेचेर सके, श्रीमती छिमेकीको घरमा किरिया बस्दै - पृष्ठ ८

४ मन्त्री थपिए, १४ सदस्यीय मन्त्रिपरिषद्

अन्नपूर्ण | *काठमाडौं*

प्रधानमन्त्री सुशीला कार्कीले मन्त्रिपरिषद् विस्तार गरेकी छन्। शुक्रबार थपिएका चार नवनियुक्त मन्त्रीहरू माधव चौलागाईं, कुमारसिंह इनाम, राजेन्द्रसिंह भण्डारी र श्रद्धा श्रेष्ठले पदभारसमेत ग्रहण गरेका छन्। चौलागाईंलाई वन तथा वातावरण, इनामलाई भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण, भण्डारीलाई श्रम रोजगार तथा सामाजिक सुरक्षा र श्रेष्ठलाई महिला तथा ज्येष्ठ नागरिक मन्त्रालयको जिम्मेवारी दिइएको छ।

राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पद तथा गोपनीयताको शपथ ग्रहण गरेपछि नवनियुक्त मन्त्रीहरूले सिंहदरबार पुगेर पदभार ग्रहण गरेका छन्। पदभार ग्रहणपछि बोल्दै नवनियुक्त वन तथा वातावरणमन्त्री माधव चौलागाईंले जेन-जी आन्दोलनपछिको परिवर्तनलाई संस्थागतदेखि चुनाव गर्नेसम्मका सरकारका म्यान्डेड पूरा गर्न ध्यान केन्द्रित गर्ने बताए। उनले मन्त्रालय र

मातहतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) गर्न कमिटी बनाएर अघि बढ्ने निर्णयमा हस्ताक्षर गरिएको जानकारी दिए।

त्यस्तै, मन्त्री चौलागाईंले मुगुको मुगुम कार्मारोङ गाउँपालिकामा छायांनाथ राष्ट्रिय निकुञ्ज स्थापनाको घोषणा भइसकेको अवस्थामा छिट्टै कार्यालय बनाएर निकुञ्ज सञ्चालन गरिने बताए। यस्तै, नवनियुक्त भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री इनामले भूमिसम्बन्धी समस्यालाई दीर्घकालीन रूपमा समाधानको प्रयास गर्ने बताए। बिचौलियालाई प्राथमिकता दिएका कारण नागरिकले दु:ख पाएको उनले बताए। उनले बाँझो रहेका जमिनलाई उपयोग गर्नुपर्ने नीति ल्याउनुपर्ने धारणा राखे।

मन्त्री इनामले भूमि आयोगका नाममा आफूखुसी जग्गा वितरण गर्ने काम अब नदोहोरिने भन्दै पीडित जनतालाई न्याय हुने गरी अघि बढ्ने स्पष्ट पारे। उनले आफ्नो छोटो कार्यकालमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणसम्बन्धी क्षेत्रलाई सही दिशा दिने प्रयास हुने बताए।

नवनियुक्त महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री श्रद्धा श्रेष्ठले राष्ट्रिय लैंगिक परीक्षण कार्यविधि २०८२ स्वीकृत गरेकी छन्। सार्वजनिक निकायका नीति, कार्यक्रम, संरचना निर्णय प्रक्रिया तथा कार्यलाई लैंगिक दृष्टिले परीक्षण गरी लैंगिक उत्तरदायी शासन प्रणाली प्रवर्धन गर्ने उद्देश्यका साथ लैंगिक परीक्षण कार्यविधि २०८२ स्वीकृत गरिएको मन्त्री श्रेष्ठले जानकारी दिइन्।

यस्तै, नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री राजेन्द्रसिंह भण्डारीले श्रम रोजगार क्षेत्रमा देखिएका संगठित जालोलाई तोड्न प्रयास गर्ने बताएका छन्। श्रमसँग सम्बन्धित अनुसन्धान गर्न विशेष कार्यदललाई गठन गरेर अघि बढ्ने उनले बताए। उनले आफ्नो कार्यकाल छोटो रहेकाले समय खेर नफाली काम गर्ने उल्लेख गरे।

जर्मनीद्वारा रुसमाथि साइबर हमलाको आरोप

बर्लिन (एजेन्सी) : रुसले हवाई ट्राफिक नियन्त्रणमा साइबर आक्रमण गरेको र चुनावी हस्तक्षेपको प्रयास गरेको जर्मनीले आरोप लगाएको छ। जर्मनीको विदेश मन्त्रालयका प्रवक्ताका अनुसार अगस्ट २०२४ मा जर्मन एयर ट्राफिक कन्ट्रोलविरुद्ध साइबर आक्रमणको पछाडि रुसी सैन्य गुप्तचरको हात थियो।

रुसले यस वर्ष फेब्रुअरीमा भएको देशको संघीय चुनावलाई प्रभाव पार्न र अस्थिर बनाउन खोजेको प्रवक्ताले आरोप लगाए। उनले भने, 'जर्मनीले आफ्ना युरोपेली साझेदारहरूसँग नजिकको समन्वयमा रुसलाई यसको हाइब्रिड कार्यहरूका लागि मूल्य तिर्न काउन्टर उपायहरूका साथ प्रतिक्रिया दिनेछ।'

यस विषयमा रुसबाट तत्काल कुनै प्रतिक्रिया आएको छैन। प्रवक्ताले अगस्ट २०२४ को साइबर हमलाको दोषी फेन्सी बियर रुसी ह्याकर समूहलाई दिन सकिने बताए।

३ बालबालिकाको 'शंकास्पद हत्या', ८ वर्षदेखि रहस्यमै

प्रदीपचन्द्र राई | *भोजपुर*

खेतबारीमा घरगर्जो टर्ने अन्नपात फल्थ्यो। फेन्सी पसलको कमाइले छोराछोरी पढाउने खर्च जसोतसो धान्थ्यो। अरुण गाउँपालिका-३, प्याउलीका चेतनाथ फुयाँल र उनको परिवार यसैमा रमाउँथ्यो। भोजपुर सदरमुकामलाई तराई जोड्ने मुख्य सडक भोजपुर-लेगुवा नारदमुनि थुलुङ राजमार्गको छेवैमा फेन्सी पसल थियो। तर अकस्मात चेतनाथका तीनमध्ये दुई सन्तानको रहस्यमयी 'मृत्यु'ले उनको परिवार पुर्‍यौंली थलो छाड्न बाध्य भयो। दुई छोराछोरीसहित अर्का छिमेकी रवीन्द्र सापकोटाका छोराको पनि एकैचोटी एकै ठाउँमा शव भेटियो।

यसपछि चेतनाथले पाक्न लागेका अन्नबाली खेतबारीमै छाडे। भएको फेन्सी पसल पनि बेचे। अनि घरमा ताला लगाए। घटना भएको तीन महिना नबित्दै २०७४ असोज ९ गते राति सदाका लागि गाउँ छाडे। गाउँबाटै विस्थापित भए।

'१३ वर्षसम्म हुर्काएको छोरी र ८ वर्षको छोराको मृत्युले गाउँ बस्न सकिएन' उनी भक्कानिँदै सम्झन्छन्, 'एकातिर बालबच्चाको याद अर्कोतिर न कतैबाट कसैको हारगुहार, या भनौं नानीहरूको मृत्युको कारण पत्ता लागेन, न्याय पनि मिलेन। कसरी बस्नु र ? त्यै भएर गाउँ छाडें।'

चेतनाथको परिवार हाल इटहरीको हलगडामा बस्छ। नयाँ ठाउँ र परिवेशमा शून्यबाट गुजारा थाल्नु

अरुण गाउँपालिका–३, प्याउलीमा २०७४ असार १२ गते मृत भेटिएका तीन बालबालिका। ● प्रदीपचन्द्र राई

जस्तो दु:ख खेप्नु खेपे। दिनभर ज्याला मजदुरी गरे, कहिले सामान ओसारे त कहिले अरूका घरका भित्ताभित्तामा रंग भरे। ४५ वर्षीय फुयाँल ६ वर्षदेखि भने इटहरीमै एक हार्डवेयर पसलमा काम गरेर परिवारको गर्जो टार्दै आएका छन्।

'त्योबेला सम्झिँदा जिन्दगी राम्रै चल्याथ्यो, गाउँ भए पनि आफ्नै सानोतिनो व्यापार व्यवसाय थियो, घरपरिवार र जीवनचर्या चलेकै थियो, अचानक कहाँबाट खोइ यो बज्रपात मैमाथि पर्‍यो', उनले भने। घरजग्गा छोडेर इटहरी हलगडा झरेका उनीहरू अहिले पाँचधुरको टुक्रो जग्गामा घर बनाएर बस्दै आएका छन्। छोराछोरीको त्यो घटनादेखि उनकी श्रीमती निर्मला मानसिक स्वास्थ्य समस्या खेपिरहेकी छिन्। बालखा छोराछोरीको मृत्युको कारण र घटनाको दोषी अझै पत्ता लागेको छैन।

कस्तो थियो शंकास्पद मृत्यु ?

२०७४ सालको स्थानीय तह निर्वाचनको संघारमै चेतनाथ फुयाँलकी छोरी सुष्मा, छोरा प्रदीप र रवीन्द्र सापकोटाका छोरा १४ वर्षीय रञ्जितको रहस्यमयी मृत्यु भयो। खेल्न निस्किएका तीनैजना असार १० गते साँझदेखि हराइरहेका थिए। परिवार र गाउँलेले हराएको राति र भोलिपल्ट खोलाखोल्सी, पोखरी, झाडी, भिरपाखा सबैतिर खोजे तर उनीहरू भेटिएनन्। यसबारे स्थानीय प्रहरीलाई समेत जानकारी गराए।

तर, तीनैजनाको शव दुई दिन (असार १२ गते) पछि घरदेखि करिब १५ सय मिटर पर मरेङडाँडास्थित स्थानीय तोरन कार्कीको पोखरीमा तैरिएको अवस्थामा फेला पऱ्यो। स्थानीयले पोखरीमा डुबेको अवस्थामा शव देखेपछि प्रहरीलाई खबर गरे। शव फेला पर्दा प्रदीप र रञ्जितको खुट्टामा चप्पल भए पनि सुष्माको थिएन। धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको फरेन्सिक रिपोर्टमा प्रदीपको घाँटीको नलीमा खानेकुरा, सुष्मा र रञ्जितको घाँटीमा चुइगम अडकएको उल्लेख थियो। शवमा कुनै चोटपटक, दाग र विषादी फेला नपरेको रिपोर्टमा उल्लेख थियो।

नसुल्झिएको अनुसन्धान

घटना घटेको झन्डै साढे आठ वर्ष बित्न लाग्दा पनि त्यो शंकास्पद मृत्युको कारण र दोषी अझै पत्ता लागेको छैन। स्थानीय प्रहरी, क्षेत्रीय प्रहरी, प्रहरीको केन्द्रीय कार्यालय र अपराध अनुसन्धान विभागबाट पटकपटक टोली पुगेर अनुसन्धान गरे पनि छानबिन निचोडमा पुगेको छैन। यस घटना अनुसन्धानबारे जानकारी नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मा तत्कालीन प्रमुख पुष्कर कार्कीले भने, 'त्यतिखेर ल्याब टेस्टहरू गर्दा केही आएको थिएन, थप केही प्रमाण भेटियो भने अनुसन्धान अघि बढ्ने भनिएको थियो, म पनि रिटायर्ड भएको सात वर्ष बढी भइसक्यो।'

सीआईबीको प्रमुखमा कार्कीपछि ११ जना फेरिइसकेका छन्। घटनाबारे २०७६ साल मंसिरमा फलोअप गर्दा जिल्ला प्रहरी कार्यालय भोजपुरका तत्कालीन डीएसपी नरबहादुर सलामीले आफू जिल्लामा आउनुअघि नै तत्कालीन क्षेत्रीय अनुसन्धान ब्युरोले 'डाइटम टेस्ट'का लागि प्रमाण नष्ट भइसकेको पत्राचार गरिसकेको खुलाएका थिए। भोजपुर प्रहरीलाई क्षेत्रीय अनुसन्धानबाट आएको पत्रमा लेखिएको थियो, 'भिसेरा टेस्टका प्रमाण तीन महिनापश्चात् स्वत: नष्ट हुने भएकाले डाइटम टेस्ट गर्न नसकिने।' घटना अनुसन्धान भइरहेका बेला शव पोस्टमार्टम गरिएको अस्पताल बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानले 'डाइटम टेस्ट' गर्ने प्रविधि नहुँदा अनुसन्धान जटिल बनेको बतायो। प्रहरीले उक्त टेस्ट गर्न भारतमा सम्भव हुने पत्ता लगाएपछि भोजपुर प्रहरीले क्षेत्रीय अनुसन्धान ब्युरोलाई पत्र पठाएको थियो।

» बाँकी पृष्ठ ४